# ब्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४

कालिगण्डकी गाउँपालिका

बिर्घा , स्याङ्जा

स्वीकृत मिति :- २०७४/१२/२१

# व्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४

गाउँपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत खरिद भएका व्याक हो लोडरको संचालनलाई व्यवस्थित र्नका लागि कालीगण्डकी गाउँ कार्यपालिकाको निर्णयानुसार यो कार्यविधि स्वीकृत गरी लागु गरिएको छ।

१) **संक्षिप्त नामः**-(१) कार्यविधिको नाम व्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि,२०७४ हुनेछ ।

२) **परिभाषाः**- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क) **गाउँपालिकाः**- भन्नाले कालीगण्डकी गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ख) **प्रमुख प्रशासकिय अधिकृतः** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतलाई जनाउँछ ।

३) **व्याक हो लोडरको संचालनः**-(१) व्याक हो लोडरको संचालन प्रमुख प्रशासकिय अधिकृतले गर्नेछ ।

४) **व्याक हो लोडरको प्रतिघण्टाको दररेटः**- (१) गाउँपालिकाबाट संचालित आयोजना र अन्य निकाय वा व्यक्तिलाई व्याक हो लोडर उपलब्ध गराउदा प्रतिघण्टाहरुको दररेट, दररेट निर्धारण समितिले तोके बमोजिम हुनेछ ।

२) दररेट निर्धारण समितिले तोकेको दररेटको अनुसुचि १ मा तोकिए बमोजिम हुनेछ।

३) अन्य निकाय वा व्यक्तिलाई व्याक हो लोडर उपलब्ध गराउँदा सम्बन्धित पक्षले गाउँपालिकामा के कति घण्टाको लागि आवश्यक परेको हो सो खुलाई निवेदन दिनु पर्नेछ ।

४) उपदफा (३) बमोजिम निवेदन दिए पश्चात प्रतिघण्टाका दरले लाग्ने रकम किटान गरी सो अनुसारको रकम लिई उपलब्ध गराइनेछ ।

५) उपदफा (४) बमोजिम उपभोक्ता समितिलाई व्याक हो लोडर उपलब्ध गराइएकोमा सो वापतको रकम सम्बन्धित उपभोक्ता समितिबाट सम्पन्न गर्ने गरी सम्झौता भई आएका आयोजनाको रकमबाट कट्टा गरी भुक्तानी दिइनेछ।

गाउँपालिका क्षेत्र भित्र बाटो खुलाउने, पहिरो फ्याक्ने र सरसफाई जस्ता कार्यको लागि गाउँपालिका आफैले व्याक हो लोडर उपलबध गराउनेछ । यसरी व्याक हो लोडर उपलब्ध गराउदाँ नियमानुसार सम्बन्धित कार्यको लागि गठन भएको उपभोक्ता समितिलाई वडाको सिफारिस बमोजिम उपलब्ध गराइनेछ।

उपदफा (३) र (४) बमोजिम प्राप्त हुने रकम गाउँपालिकाले छुट्टै कोष खडा गरी राखेछ ।

उपदफा (७) बमोजिम कोषमा जम्मा भएको रकम व्याक हो लोडरको मर्मत संभार, नयाँ खरिद लगाएतका कार्यमा खर्च गरिनेछ ।

**अपरेटर तथा हेल्परको नियुक्ति र सेवा सुविधा सम्बन्धमाः**-(१)व्याक हो लोडरको संचालनार्थ सेवा करारमा लिइएका अपरेटर र हेल्परको सेवा सुविधा दररेट निर्धारण समितिले तोकिए बमोजिम हुनेछ।

उपदफा (१) बमोजिम दररेट निर्धारण समितिले तोकेको सेवा तथा सुविधा अनुसुचि (१) मा समावेश गरिएको छ ।

प्रमुख प्रशासकिय अधिकृत

(२) उपदफा (१) बमोजिम सेवा करारमा लिइएका अपरेटर तथा हेल्परको सुविधा कन्टेन्जन्सी रकमबाट उपलब्ध गराईनेछ र कन्टेन्जेन्सी रकम बाट तलब भत्ता नपुग भएमा वोर्ड बैठकको निर्णयानुसार व्यवस्था गरिनेछ ।

६) **सवारी साधनको लकबुकः** (१) गाउँपालिकामा रहेका सवारी साधनहरुको दैनिक लग बुक अनुसुचि (२) मा समावेश गरिएको छ ।

७) **गाउँपालिकाको व्याक हो लोडर र प्रयोग गर्नुपर्नेः-** (१) गाउँपालिकाको बजेट मार्फत गाउँ स्तरमा उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनामा अनिवार्य रुपमा गाउँपालिका को व्याक हो लोडर प्रयोग गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम समय अभाव वा अन्य कुनै कारणले गाउँपालिकाको व्याक हो लोडर मार्फत काम गर्न नसकिने भएमा मात्र अन्य निकाय वा व्यक्तिको व्याक हो लोडर मार्फत काम गराउन सकिनेछ ।

८) विविधः- (१) व्याक हो लोडर को संचालनमा कुनै किसिमको समस्या आइपरेमा गाउँ कार्यपालिकाको वोर्ड बैठकको निर्णयानुसार हुनेछ ।

(२) व्याक हो लोडरको संचालन गर्ने कार्यलाई व्यवस्थित गर्न गाउँ कार्यपालिकाले आवश्यकता अनुसार छुट्टै समितिको गठन गर्न सक्नेछ ।

[illegible]

प्रमुख प्रशासकीय अधिकृत

## अनुसुचि-१

(व्याक हो लोडर संचालन सम्बन्धी कार्यविधि, २०७४ को दफा ९ को उपदफा १ सँग सम्बन्धित)

१. व्याक हो लोडर निर्धारण समितिले तोकिएको सेवा सुविधाः-

| सि.न. | विवरण | मासिक तलब रु | भत्ता रु |
|---|---|---|---|
| १ | व्याक हो लोडर अपरेटर | २३०००/- | ५० प्रति घण्टा |
| २ | व्याक हो लोडर हेल्पर | १५०००/- | प्रति दिन २००/- |

२. व्याक हो लोडरको प्रति घण्टा दर रेटः-

| सि.न. | विवरण | प्रति घण्टा दर रेट |
|---|---|---|
| १ | योजनाको हकमा व्याक हो लोडर उपलब्ध गराउदा | २०००/- (मुल्य अभिबृद्धि कर सहित ) |
| २ | योजना बाहेक अन्य कार्यमा | २१००/-(मुल्य अभिबृद्धि कर सहित ) |

प्रमुख प्रशासकीय अधिकृत